नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरवार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email: info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.सं. २०७६/७७
च.नं./PMEP/ ९ ७५

मितिः२०७७/०३/३०

श्री गाउँपालिका तथा नगरपालिका, सबै ।
मार्फतः- श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार

विषयः रोजगार सेवा केन्द्रमा बेरोजगार व्यक्ति सुचिकरण सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ तथा नेपाल सरकार (मन्त्रिपरिषद) को तत्कालीन राहत सम्बन्धी मिति २०७७/०१/१४ को निर्णय समेतको आधारमा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान हुने १०० दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार नेपाली नागरिकले स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकरण हुने समय सीमाको सम्बन्धमा नेपाल सरकार (मा. मन्त्रीस्तरको) मिति २०७७।३।३० मा भएको तपशिल बमोजिमको निर्णय कार्यान्वयनका लागि पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

तपशिलः

(क) आ.ब.२०७७।७८ को लागि रोजगार सेवा केन्द्रमा न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले निवेदन दिन सक्ने समयावधि २०७७ श्राबण ८ गते देखी २०७७ भाद्र ७ सम्म कायम गरीएको छ । भाद्र मसान्तसम्म सबै स्थानीय तहहरुले बेरोजगार व्यक्ति सुचिकरणका सम्पूर्ण प्रकृया पुरा गरी रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रबिष्ट गर्ने ।

(ख) न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले बेरोजगारको सूचिमा दर्ता हुनको लागि दिने निवेदन (प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसूची १ संशोधित बमोजिम) यसै साथ संलग्न बमोजिम ढाँचा प्रयोग गर्ने ।

(ग) आ.ब.२०७७।७८ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले २०७६ चैत्र १० गतेसम्म (बन्दाबन्दी सुरु हुनु भन्दा अगाडी) नियमानुसार रोजगार सेवा केन्द्रमा निवेदन दिएका व्यक्तिले पुनः निवेदन दिईरहनु नपर्ने । सोहि निवेदन बमोजिम स्थानीय तहले नियमानुसार सूचिकरणको प्रकृया अगाडी बढाउने ।

(कृष्ण पौडेल)
शाखा अधिकृत

बोधार्थः
श्री प्रदेश सामाजिक विकास मन्त्रालय,
श्री रोजगार संयोजक, सबै ।